नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७८/७९
चलानी नम्बर:-

मिति:- २०७९/०१/२४

## स्थानीय तह निर्वाचन, २०७९ को सन्दर्भमा जारी गरिएको सूचना ।

सम्वत् २०७९ बैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचन, २०७९ सञ्चालन तथा व्यवस्थापनका लागि जिल्लास्थित सम्पूर्ण संयन्त्रहरू परिचालन गरी पूर्वतयारीका कार्यहरू भइरहेको छ । निर्वाचन आयोगद्वारा जारी गरिएको स्थानीय तह निर्वाचन आचारसंहिता, २०७८ पालना गर्ने, गराउने सन्दर्भमा जिल्लास्तरमा राजनीतिक दल लगायत सरोकारवालाहरूसँग पटक-पटक छलफल बैठक तथा निर्णयहरू भई आचारसंहिता पालनामा प्रतिबद्धता समेत व्यक्त भएको छ । यसै सन्दर्भमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित बनाउन निर्वाचनमा भाग लिने राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, सञ्चार क्षेत्र लगायत सबै सरोकारवालाहरूको समेत महत्वपूर्ण भूमिका रहन्छ । निर्वाचन आचारसंहितालाई थप प्रभावकारीरूपमा पालना गर्न, गराउन तथा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र तथा भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि देहायअनुसार गर्नु, गराउनु हुन सम्बद्ध सबै पक्षमा निर्णयानुसार अनुरोध गरिन्छ ।

१. निर्वाचन आचारसंहितालाई पूर्णरूपमा सबै पक्षले पालना गर्नु, गराउन हुन, राजनीतिक दल तथा उम्मेदवारहरूले आचारसंहितामा तोकिए अनुरूप मात्र झण्डा लगायतका निर्वाचन प्रचार-प्रसारका सामग्रीहरू प्रयोग गर्नुहुन ।
२. साँझ ७:०० बजेपछि कुनै किसिमका निर्वाचन प्रचार-प्रसारका कार्यहरू नगर्नु, नगराउनु हुन ।
३. मिति २०७९-०१-२४ गतेदेखि लागू हुने गरी अर्को सूचना प्रकाशित नभएसम्मका लागि बेलुकी ८:०० बजेपछि मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवन गर्ने कार्य नगर्न, नगराउनु हुन ।
४. ठूलो आवाजमा माइकिङ्ग गरी ध्वनी प्रदूषण गर्ने कार्य तत्काल बन्द गर्नु, गराउनु हुन ।
५. विभिन्न किसिमका सञ्चार माध्यम, सामाजिक सञ्जाल आदि मार्फत राजनीतिक दल, उम्मेदवार, मतदाता, निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी लगायत कोही कसैप्रति लक्षित गरी गालीगलौज गर्ने, अफवाह फैलाउने, भ्रामक सूचना र निर्वाचन विरोधी सन्देश प्रवाह गर्ने जस्ता अवाञ्छित गतिविधिहरू नगर्नु, नगराउनु हुन ।

यस सूचना विपरितका कार्य, प्रचलित कानून तथा निर्वाचन आचारसंहिता विपरितका कार्य एवं निर्वाचन विरोधी कुनै किसिमका गतिविधि भएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०७९/०१/२४
बद्रीनाथ गैहे
सहायक प्रमुख जिल्ला अधिकारी